apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२

जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २१७ ● पृष्ठः ४ ● ०७ भदौ २०८३ आइतबार (23 August 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सिरहा उद्योग वाणिज्य संघको निर्वाचनबारे अन्योलमा

### सदस्यता नविकरण नहुँदा अन्यौल थपियोः अध्यक्ष साह

**शुभ नारायण कामती**
**सिरहा, भदौ ०६ गते**




सिरहा उद्योग वाणिज्य संघको पछिल्लो निर्वाचन भएको लामो समय बितिसक्दा पनि नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि नबढ्दा व्यवसायीहरूमा चासो र जिज्ञासा बढेको छ।

संघको निर्वाचन २०७९ साउन ५ गते सम्पन्न भएको थियो। निर्वाचनको मतपरिणाम २०७९ साउन ७ गते सार्वजनिक गरिएको थियो भने निर्वाचित पदाधिकारीहरूले २०७९ साउन १७ गते पदभार ग्रहण गरेका थिए । निर्वाचन सम्पन्न भएको चार वर्षभन्दा बढी समय बितिसक्दा पनि संघको नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि बढ्न सकेको छैन । समयमै निर्वाचन हुन नसक्दा संघको नेतृत्व र आगामी निर्वाचनको विषयमा व्यवसायी तथा सरोकारवालाबीच चासो बढेको हो।

म्याद सकिएपछि पनि निर्वाचन प्रक्रिया अघि बढ्न नसक्नुको कारण र नयाँ निर्वाचन कहिले हुने भन्ने विषयमा व्यवसायीहरूबाट समेत प्रश्न उठ्न थालेका छन्। व्यवसायीहरूको साझा संस्था भएकाले संघको नेतृत्व चयन लोकतान्त्रिक र पारदर्शी प्रक्रियाबाट समयमै हुनुपर्ने उनीहरूको अपेक्षा छ । यता, सिरहा उद्योग वाणिज्य संघका अध्यक्ष अमरनाथ साहले व्यवसायीहरूले समयमै सदस्यता नवीकरण नगरेका कारण साधारणसभा समयमा गर्न नसकिएको स्वीकार गरेका छन्। सदस्यता नवीकरणको प्रक्रिया पूरा गर्नुपर्ने भएकाले निर्वाचन प्रक्रिया प्रभावित भएको उनको भनाइ छ।

अध्यक्ष साहले अब चाँडै आवश्यक प्रक्रिया अघि बढाइने समेत बताएका छन्।

संघको निर्वाचनमा देखिएको अन्योल अन्त्य गर्दै निर्वाचनको मिति, प्रक्रिया र तयारीबारे स्पष्ट जानकारी सार्वजनिक गर्नुपर्ने व्यवसायीहरूको अपेक्षा छ। साथै, लामो समयदेखि

बाँकी पृष्ठ ३

## जनकपुर र वीरगन्जमा अग्रगामी मोर्चाको संयुक्त भेला हुने




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०६ गते**

अग्रगामी मोर्चाले जनकपुर र वीरगन्जमा संयुक्त भेला गर्ने भएको छ।

शुक्रबार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा जनकपुरमा बसेको प्रदेश स्तरीय बैठकले दुई शहरमा भेला गर्ने निर्णय गरेको हो। मोर्चाले संगठन विस्तार तथा जनपरिचालनका लागि भेला आयोजना गर्न लागिएको जनाएको छ।

आगामी भदौ २७ गते जनकपुरमा संयुक्त भेला हुने भएको छ। यसमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही गरी पाँच जिल्लाको संयुक्त भेला हुनेछ।

त्यस्तै, असोज ३ गते वीरगन्जमा भेला हुने भएको छ। यसमा रौतहट, बारा र पर्साका नेता तथा कार्यकर्ता सहभागी हुने भएका छन्।

यससँगै विभिन्न नौ वटा राजनीतिक दल सम्मिलित बैठकले मोर्चाको प्रदेश समिति गठन, जिल्ला समिति गठनको जिम्मेवारी बाँडफाँट तथा आगामी रणनीतिक भेला र कार्यक्रम तय गरेको हो।

यस्तै, बैठकले हालै सिरहाका गणेश यादवको नेपाल प्रहरीको गोली प्रहारबाट भएको मृत्यु तथा बाराकी

बाँकी पृष्ठ ४

## मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको संख्या बढ्दै

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०६ गते**



गत आइतबार जनकपुरधाममा मोटरको स्विच थिच्ने क्रममा करेन्ट लागेर एक महिलाको मृत्यु भयो । जनकपुरधाम उपमहानगरपालिका-१७ तेतरियामा भिनाजुको घरमा आएकी महोत्तरीको एकडारा गाउँपालिका १ बस्ने रवीन्द्र महतोका २३ वर्षीया श्रीमती पुनिताकुमारी महतोलाई करेन्ट लागेपछि उपचारका लागि अस्पताल लगेकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार आफ्नो भिनाजु सन्देश महतोको घरमा महिला आएकोमा मोटरको स्विच थिच्ने क्रममा करेन्ट लागेको थियो।

यसअघि गत बिहीबार साँझ करिब ६ बजे धनुषाकै नगराईन नगरपालिका ८ खिरखिरियामा स्थानीय २५ वर्षीय सितेसकुमार दासको करेन्ट लागेर मृत्यु भएको थियो। सिँचाइका लागि खेतमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर घाइते भएका दासलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

यसैगरि, साउन २६ गते सर्लाहीको चन्द्रनगर गाउँपालिका-५, मोहनपुरमा करेन्ट लागेर स्थानीय ३८ वर्षीय इद मन्सुरको मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार आफ्नै घरमा वाइरिङ गर्ने क्रममा करेन्ट लागेर मन्सुर घाइते भएकोमा उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लैजाँदै गर्दा चिकित्सकले मृत घोषणा गरेका थिए।

यसअघि साउन २१ गते सर्लाहीकै बागमती नगरपालिका-८, कल्याणपुर टोलमा करेन्ट लागेर एक महिलाको मृत्यु भएको थियो।

स्थानीय राजकुमार महतोको घरमा शिवचर्चा पूजा भइरहेको बेला माइकबाट हातमा करेन्ट लाग्दा ६५ वर्षीया मानकी देवीको मृत्यु भएको थियो। उनलाई पनि उपचारका लागि नगर अस्पताल बरहथवा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए। माथिका घटनाहरू प्रतिनिधिमूलक मात्र हो । पछिल्लो समय मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको

बाँकी पृष्ठ ४

## जनकपुरधामका पोखरी अतिक्रमणमाथि गुठीको डोजर

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ०६ गते**




जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका पोखरी अतिक्रमण गरी निर्माण गरिएका घर तथा टहरा हटाउन गुठी संस्थानले डोजर चलाउन सुरु गरेको छ।

गुठी संस्थान जनकपुरधामले शनिबार बिहान स्थानीय गिरनारी कुटीछेउमा रहेको गुठीको जग्गामा डोजर चलाएर अतिक्रमण हटाएको हो । नेपाल प्रहरी, सशस्त्र प्रहरी र जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा अतिक्रमण हटाउने अभियान सुरु गरिएको गुठी संस्थानले जनाएको छ।

गुठी जग्गा संरक्षण तथा अतिक्रमण हटाउने कार्यान्वयन समितिका सदस्य-सचिव जनक पोखरेलका अनुसार पहिलो चरणमा सातवटा अतिक्रमित पोखरीका डिल खाली गराउन अभियान सञ्चालन भइरहेको छ। जनकपुरधामका अन्य पोखरीसमेत अतिक्रमणमा परेको भन्दै उनले ती पोखरीको सीमांकनको काम भइरहेको र सीमांकन सम्पन्न भएपछि क्रमशः अतिक्रमण हटाइने बताए।

उनका अनुसार गत साउन १ गते नै अतिक्रमित स्थान खाली गर्न सार्वजनिक सूचना जारी गरिएको थियो। पटक-पटक सूचना र माइकिङ गर्दा समेत अतिक्रमण नहटाएपछि बाध्य भएर डोजर प्रयोग गरिएको हो।

अतिक्रमण हटाउने क्रममा २०६२ सालमा जनकपुरको गुठीको अतिक्रमित जग्गा पहिचान गर्न भोजराज घिमिरेको नेतृत्वमा गठित कार्यदलले दिएको प्रतिवेदनलाई

बाँकी पृष्ठ २

## मधेश सरकारद्वारा नीति तथा योजना आयोगको 'ओएन्डएम सर्वे' स्वीकृत




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०६ गते**

मधेश प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम सर्वे) स्वीकृत गरेको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, जनकपुरधाममा शुक्रबार साँझ बसेको प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले आयोगको कार्यक्षेत्र, कार्यबोझ तथा संस्थागत आवश्यकताका आधारमा संगठन संरचना र दरबन्दी पुनरवलोकन गर्ने निर्णय गरेको हो।

साथै, आयोगको करिब ५५ प्रतिशत दरबन्दी कटौती गर्ने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । दरबन्दी कटौतीबाट प्रशासनिक खर्चमा मितव्ययिता कायम हुनुका साथै उपलब्ध जनशक्तिको अधिकतम उपयोग हुने अपेक्षा गरिएको उनले बताए।

त्यसैगरी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत सचिवहरूको खटनपटन तथा

बाँकी पृष्ठ ३

## सप्तरीमा तस्करलाई पत्राउ गरेर छोडेको आरोप लागेका सईको जिम्मेवारी खोसियो



**अपन दैनिक संवाददाता**
**सप्तरी, भदौ ०६ गते**

सप्तरीमा सामानसहित पक्राउ परेका तस्करहरूलाई प्रहरी कार्यालयबाटै छाडेपछि विवादमा परेका इलाका प्रहरी कार्यालय बोदेबरसाईनका कार्यालय प्रमुख प्रहरी नायब निरीक्षक (सई) शिवशंकर शर्माको जिम्मेवारी खोसिएको छ।

सई शर्मालाई शुक्रबार नै जिल्ला

बाँकी पृष्ठ ४



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### पानी उद्योगलाई निरन्तर अनुगमन गर

मानिसको स्वास्थ्य, उत्पादनशीलता र जीवनस्तरसँग प्रत्यक्ष सम्बन्ध राख्ने वस्तु भएकाले पानीको गुणस्तरमा कुनै सम्झौता हुन सक्दैन । सिरहा जिल्लामा सञ्चालनमा रहेका खानेपानी उत्पादन तथा प्रशोधन उद्योगहरूको अवस्था हेर्दा नियमन र अनुगमनको अभाव निकै छ । बजारमा बिक्रीवितरण भइरहेको प्रशोधित पानीको जार र बोतलका पानी वास्तवमै मापदण्डअनुसार उत्पादन गरिएको छ कि छैन भन्ने विषयमा आम उपभोक्ता अझै अन्योलमा छन् । सिरहामा पछिल्ला वर्षहरूमा खानेपानी उद्योग स्थापना गर्ने क्रममा वृद्धि भएको छ। व्यवसाय विस्तार हुनु सकारात्मक पक्ष हो। तर उद्योगको संख्या बढेसँगै गुणस्तर परीक्षण, सरसफाइको अवस्था, उत्पादन प्रक्रिया तथा वितरण प्रणालीको प्रभावकारी अनुगमन हुन सकेको छैन। सम्बन्धित सरकारी निकायले नियमित रूपमा निरीक्षण नगर्दा उपभोक्ताले प्रयोग गरिरहेको पानी सुरक्षित छ वा छैन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो।

सिरहा जिल्ला उत्पादन गरिने धेरैजसो पानीका जार तथा बोतलमा उत्पादन मिति, उपभोग गर्न मिल्ने अन्तिम मिति, गुणस्तर परीक्षणको विवरण र आवश्यक लेबलसमेत स्पष्ट रूपमा उल्लेख गरिएको पाइँदैन। कतिपय अवस्थामा पुनः प्रयोग गरिएका जारहरूको सरसफाइ कस्तो छ भन्ने समेत यकिन हुँदैन। यस्तो अवस्थाले उपभोक्ताको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउन सक्छ।दूषित पानीका कारण झाडापखाला, टाइफाइड, हैजा लगायतका जलजन्य रोग फैलिन सक्ने सम्भावना रहन्छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय प्रशासन, स्थानीय तह र सम्बन्धित नियामक निकायहरूले नियमित अनुगमनलाई प्राथमिकता दिनुपर्छ। उद्योगहरूमा प्रयोग हुने पानीको स्रोत, प्रशोधन प्रविधि, प्रयोगशाला परीक्षण तथा सरसफाइका मापदण्डको समय-समयमा जाँच हुन आवश्यक छ। मापदण्ड पूरा नगर्ने उद्योगलाई कारबाही गर्ने र उपभोक्तालाई जानकारी गराउने व्यवस्था पनि उत्तिकै महत्वपूर्ण छ।

त्यसैले आम उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले पानी उद्योगलाई केवल व्यापारिक दृष्टिले मात्र हेर्न मिल्दैन । सुरक्षित खानेपानी उपलब्ध गराउनु उद्योगीको दायित्व हो भने त्यसको निगरानी गर्नु राज्यको कर्तव्य हो । सिरहामा सञ्चालनमा रहेका पानी उद्योगहरूको प्रभावकारी अनुगमन, गुणस्तर परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आजको आवश्यकता हो। अन्यथा, नाफाको नाममा जनस्वास्थ्यसँग खेलबाड हुने खतरा बढ्दै जानेछ। सिरहावासीले शुद्ध र सुरक्षित पानी पिउन पाउने अधिकार सुनिश्चित गर्न सम्बन्धित निकायहरू जाग्नैपर्छ । नियमित अनुगमन, पारदर्शी परीक्षण र कडा नियमनमार्फत मात्र उपभोक्ताको विश्वास कायम गर्न सकिन्छ । जनस्वास्थ्यको सवालमा ढिलासुस्ती स्वीकार्य हुन सक्दैन । पानी उद्योगमाथिको प्रभावकारी निगरानी आजको अपरिहार्य आवश्यकता हो। त्यही भएर सिरहा जिल्लामा रहेको निमायक निकायहरुले खानेपानी उत्पादन गरि बजारमा बिक्रि वितरण गर्ने उद्योगलाई निगरानी गर्नु पर्छ । मानव जिवनसंग प्रत्यक्ष जोडिएको शुद्ध र गुणस्तरीय पानीको विषयमा कुनै पनि वहानामा हेलचक्राई र वेवास्ता गर्न पाईदैन । यसैले राज्यका निकाय्ले निरन्तर अनुगमन गरि नागरिकको स्वास्थ्यलाई ध्यान दिनैपर्छ।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- **मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं ।**
- **औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं ।**
- **गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं ।**
- **औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं ।**
- **औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# लोकतन्त्रमा व्यक्ति कि संस्था ?

**बालेन शाह र सत्तारूढ दलका सभापति रवि लामिछानेको राजनीतिक शैली पनि त्यस्तै देखिन्छ । उनीहरूको राजनीतिक यात्रामा प्रक्रिया,विचार, संगठन र संस्थाभन्दा व्यक्तित्व र व्यक्तिगत आकर्षणले बढी महत्त्व पाएको देखिन्छ ।**



नवीन यादव

> लोकतन्त्रको प्रश्न त्यहाँबाट सुरु हुन्छ, जहाँ व्यक्तिको लोकप्रियता समाप्त भएर संस्थाको परीक्षा सुरु हुन्छ ।
> **लोकतान्त्रिक व्यवस्थाले केवल असल नेता खोजेर मात्र पुग्दैन ।**

जनतामा परम्परावादी दल र नेतृत्वप्रति आक्रोश गहिरिएको बेला नयाँ व्यक्ति र नयाँ शक्ति जनतामाझ असाधारण लोकप्रिय बन्न सक्छ । उसको भाषणले आशा जगाउन सक्छ। उसको व्यक्तित्वले पुराना राजनीतिक शक्तिप्रति पैदा भएको वितृष्णालाई अभिव्यक्त गर्न सक्छ र उसले 'म जनताको आवाज हुँ' भन्ने दाबीका साथ ठूलो राजनीतिक समर्थन प्राप्त गर्न सक्छ। राष्ट्रिय स्वतन्त्र पार्टी कुनै राजनीतिक संघर्षबाट उदाएको शक्ति होइन ।

बालेन र रवि राजनीतिक आन्दोलन बाट बनेका नेता होइनन् । उनीहरू खास राजनीतिक विचारधारा सँग पनि नजिक थिएनन् । पुरानाप्रतिको आक्रोशलाई रणनीतिक रूपमा प्रयोग गरेर आएका व्यक्तिहरू हुन् । तर लोकतन्त्रको प्रश्न त्यहाँबाट सुरु हुन्छ,जहाँ व्यक्तिको लोकप्रियता समाप्त भएर संस्थाको परीक्षा सुरु हुन्छ । लोकतान्त्रिक व्यवस्थाले केवल असल नेता खोजेर मात्र पुग्दैन ।

अमेरिका र युरोपका अधिकांश देशहरूमा राज्यका संस्थाहरू बलिया छन् । त्यसैले व्यक्ति त्यहाँ खासै हावी हुँदैन । लोकतन्त्र केवल कुनै व्यक्तिको नैतिक गुणमा आधारित शासन प्रणाली होइन । शक्ति सीमित र सन्तुलन गर्ने व्यवस्था हो। अर्थात् आज असल व्यक्ति सत्तामा हुन सक्छ,भोलि त्यही ठाउँमा खराब व्यक्ति आउन सक्छ । यदि संस्था बलियो छ भने व्यक्तिको परिवर्तनले शासनको चरित्र खासै परिवर्तन गर्दैन ।

लोकतन्त्र प्रक्रिया हो । बलियो हुन समय लाग्छ । लोकतन्त्रको स्थायित्व केवल निर्वाचन र राजनीतिक परिवर्तनमा मात्र निर्भर हुँदैन । लोकतन्त्रको मजबुती राजनीतिक चेतना, सामाजिक संरचना र राज्यका संस्थाहरूको विकाससँग जोडिएको हुन्छ । दोस्रो जनआन्दोलनपछि नेपाल संघीय गणतन्त्रात्मक लोकतन्त्रको बाटोमा अघि बढे पनि राज्यका संस्थाहरू लोकतान्त्रिक रूपमा संस्थागत हुन सकेनन् । पहिलो संविधानसभाको निर्वाचन पछि प्रचण्ड शक्तिशाली प्रधानमन्त्रीका रूपमा उदाए । उनको शक्ति केवल मतमा सीमित थिएन। उनीसँग बलियो सामाजिक समर्थन पनि थियो । जनताको ठूलो अपेक्षाका बीच उनी प्रधानमन्त्री बने। तर उनले देशलाई सोचेको दिशामा अघि बढाउन सकेनन् । अर्थात् कुनै व्यक्ति जतिनै लोकप्रिय र शक्तिशाली भए पनि केवल उसको लोकप्रियताले समस्या समाधान हुँदैन । बलिया संस्था र लोकतान्त्रिक संस्कारबिना व्यक्तिको लोकप्रियता दीर्घकालीन राजनीतिक उपलब्धिमा रूपान्तरण हुन सक्दैन ।

२०७२ सालमा संविधान निर्माण भएपछि केपी ओली लोकप्रिय प्रधानमन्त्रीका रूपमा उदाए । त्यतिबेला उनको लोकप्रियता असाधारण थियो । भारतमा नरेन्द्र मोदीप्रति उनका समर्थकहरूको जुन प्रकारको आकर्षण देखिन्छ, त्यस्तै आकर्षण ओलीप्रति पनि नेपालमा देखिन्थ्यो । अहिले जसरी उमेरले वृद्ध भइसकेका पुराना नेताहरूलाई धेरैले हेर्न चाहँदैनन्,त्यस बेला त्यस्तो थिएन। ओलीलाई युवा नेतृत्व जत्तिकै ठान्नेहरूको कमी थिएन। कतिपयले उनलाई 'बा' भनेर सम्बोधन गर्थे।

आज बालेन र रविका समर्थकहरूबीच देखिने उत्साह जस्तै कुनै समय ओलीका समर्थकहरूमा पनि त्यस्तै उत्साह थियो । मधेशमा उनको जायज आलोचना गर्नेहरू भए पनि देशका अन्य क्षेत्रमा उनलाई नायकका रूपमा हेर्नेहरूको कमी थिएन । तर आज उनको राजनीतिक अवस्था कस्तो छ भन्ने कुरा धेरै व्याख्या गरिरहनु पर्दैन। यसको एउटा महत्त्वपूर्ण कारण के हो भने उनी पनि राज्यका संस्था बलियो बनाउने भन्दा आफूलाई राजनीतिको केन्द्रमा राख्ने प्रवृत्तिबाट मुक्त हुन सकेनन् । संस्थाहरू निर्माण र तिनलाई बलियो बनाउने प्रश्नमा उनी कहिले इमानदार देखिएनन् । न देशले अपेक्षा गरेजस्तो दिशा पायो,न उनी राज्यका बलिया र उदाहरणीय संस्थाहरू निर्माण गर्ने नेताका रूपमा स्थापित हुन सके । अर्थात् लोकतन्त्रको सफलता कुनै एक व्यक्तिको लोकप्रियतामा होइन, बलिया संस्था,लोकतान्त्रिक संस्कार र जवाफदेहितामा निर्भर हुन्छ।

बालेन शाह र सत्तारूढ दलका सभापति रवि लामिछानेको राजनीतिक शैली पनि त्यस्तै देखिन्छ। उनीहरूको राजनीतिक यात्रामा प्रक्रिया,विचार, संगठन र संस्थाभन्दा व्यक्तित्व र व्यक्तिगत आकर्षणले बढी महत्त्व पाएको देखिन्छ। 'म नै परिवर्तनको वाहक हुँ र म बाहेक अरूले देश बनाउन सक्दैनन्' भन्ने प्रकारको आत्मविश्वास कतिपय अवस्थामा अहंकारमा रूपान्तरित हुने खतरा उनीहरूमा पनि देखिन्छ।

केपी ओली र प्रचण्ड भने लामो राजनीतिक संघर्ष बाट स्थापित भएका नेताहरू हुन् । उनीहरूले कठिन राजनीतिक परिस्थितिको सामना गरेका थिए । राजनीतिक संघर्षका दृष्टिले उनीहरू सफल नेताहरू हुन् भन्नेमा विवाद छैन। तर सत्ताको राजनीतिमा प्रवेश गरेपछि उनीहरू त्यही राजनीतिक संस्कार र प्रतिबद्धतालाई निरन्तरता दिन भने असफल रहे । सत्ता,शक्ति र व्यक्तिगत राजनीतिक स्वार्थको घेराबाट माथि उठ्न सकेनन् । संघर्षका दिनमा संस्था, सहकार्य र सामूहिक निर्णयको महत्त्व बुझ्ने उनीहरू सत्तामा पुगेपछि क्रमशः व्यक्ति र शक्तिको केन्द्रीकरणतर्फ उन्मुख भए।

लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने,राजनीतिक संस्कार सुधार्ने र राज्यलाई नागरिकप्रति जवाफदेही बनाउने दिशामा अपेक्षित प्रगति हुन सकेन । परिणामतः लामो राजनीतिक संघर्षबाट प्राप्त वैधता र जनविश्वाससमेत क्रमशः कमजोर हुँदै गयो । बालेन र रविहरूको हकमा परिस्थिति केही फरक छ। उनीहरूको राजनीतिक पृष्ठभूमि लामो संगठनात्मक वा राजनीतिक संघर्षबाट निर्माण भएको होइन। उनीहरू मूलतः परम्परागत राजनीतिक दल र नेतृत्वप्रतिको जनअसन्तुष्टिका कारण उदाएका व्यक्ति र शक्तिहरू हुन् । त्यसैले उनीहरूसँग आफूलाई प्रमाणित गर्ने पुराना नेताहरूसँग भन्दा पनि कम समय छ। यदि उनीहरूले जनताको अपेक्षा, लोकतान्त्रिक मूल्य, संस्थागत शासन र उत्तरदायी राजनीतिलाई व्यवहारमा स्थापित गर्न सकेनन् भने उनीहरूको पनि हविगत त्यस्तै हुन्छ।

प्रश्न र संवाद लोकतन्त्रका सौन्दर्य मात्र होइनन्। लोकतन्त्रको संस्थागत आवश्यकता पनि हुन् । लोकतन्त्र बहुमतको शासन मात्र होइन । संवाद र असहमतिलाई स्वीकार गर्ने राजनीतिक संस्कार पनि हो । आजको राजनीतिक संकटको एउटा महत्त्वपूर्ण पक्ष यही संवादको क्षय हो । नागरिकलाई आफ्नो कुरा सुनाउनु मात्र संवाद होइन। नागरिकका असहमति र प्रश्न सुन्न सक्नु संवाद हो। प्रश्नको सामना गर्नु संवाद हो । केवल आफूलाई समर्थन गर्ने भिडसँग बोलिरहनु लोकतान्त्रिक संवाद होइन। आफ्ना आलोचकसँग समेत तथ्य, तर्क र संयमताका आधारमा बहस गर्न सक्नु लोकतान्त्रिक संस्कार हो।

प्रधानमन्त्री बालेन शाहको राजनीतिक शैलीमा पनि संवादप्रतिको विश्वास कमजोर देखिन्छ। उनी प्रश्न सुन्नुभन्दा आफ्नो कुरा राख्न बढी रुचाउँछन्। संसद्मा उपस्थित भएर जनप्रतिनिधिहरूका प्रश्नको जवाफ दिनुभन्दा सामाजिक सञ्जालमार्फत आफ्ना धारणा सार्वजनिक गर्ने शैलीलाई उनले बढी प्राथमिकता दिएको देखिन्छ। उनको

बाँकी पृष्ठ ३ ▶▶

## जनकपुरधामका पोखरी अतिक्रमणमाथि ........

आधार बनाइएको गुठी संस्थानले जनाएको छ।

यसअघि गुठी संस्थानले विसहरा पोखरी, रत्नसागरलगायत सातवटा पोखरी अतिक्रमण गरिएको भन्दै सूचना प्रकाशन गरी अतिक्रमण हटाउन आग्रह गर्नुका साथै अतिक्रमित क्षेत्रमा रातो घेरा लगाएको थियो । तर, सूचना र माइकिङको समेत बेवास्ता भएपछि अतिक्रमित संरचना हटाउन डोजर चलाइएको हो।

गुठी संस्थान जनकपुरधामका कर्मचारी किशोरकुमार झाले पहिलो चरणमा अतिक्रमित पोखरीका डिल खाली गराउने काम भइरहेको बताए । उनका अनुसार जनकपुरधामका करिब ५० वटा पोखरी अतिक्रमणमा परेको पहिचान गरिएको छ। तीमध्ये पहिलो चरणमा सातवटा पोखरीलाई अतिक्रमणमुक्त बनाइनेछ।

बाँकी पोखरीको सीमांकन सम्पन्न भएपछि ती क्षेत्रमा समेत अतिक्रमण हटाउने अभियान सञ्चालन गरिने गुठी संस्थानले जनाएको छ।

## आजको राशिफल

**मेष :** दिनको अघिल्लो भागमा स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुपर्नेछ।

**बृष :** व्यापार-व्यवसाय र साझेदारीका काममा दिनको सुरुमा राम्रो लाभ मिल्नेछ।

**मिथुन :** प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफल बनाउने दिन छ।

**कर्कट :** बौद्धिक तथा सिर्जनात्मक काममा सफलता मिल्नेछ । विद्यार्थीहरूका लागि अध्ययनमा प्रगति हुने समय छ।

**सिंह :** सुरुमा घरेलु वातावरण र पारिवारिक विषयमा अलि ध्यान दिनुपर्नेछ।

**कन्या :** आफ्नो साहस र पराक्रमका कारण जटिल कामहरू पनि सम्पादन गर्न सकिनेछ।

**तुला :** मीठो भोजन र बोलीको प्रभाव बढ्नेछ। धन सञ्चयका अवसरहरू मिल्न सक्छन्।

**वृश्चिक :** दिनको अघिल्लो भागमा मानसिक प्रसन्नता, मान-सम्मान र नयाँ कामको सुरुवात गर्ने अवसर प्राप्त हुनेछ।


**धनु :** सुरुमा खर्च बढ्न सक्ने वा काममा केही ढिलासुस्ती हुन सक्ने सम्भावना छ।

**मकर :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्ने र व्यापारमा लाभ हुने समय छ।

**कुम्भ :** कार्यक्षेत्रमा प्रतिष्ठा र पदोन्नतिको अवसर मिल्ने योग छ। वरिष्ठ व्यक्तिहरूको सहयोगले ठूला काम बन्नेछन्।


**मीन :** धार्मिक, आध्यात्मिक वा सामाजिक काममा रुचि बढ्नेछ। भाग्यको साथ पाइने हुनाले अघि सारेका योजनाहरू सफल हुनेछन्।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सुखीपुर अस्पतालको हाजिरी प्रकरणमा सतर्कता केन्द्रको ध्यानाकर्षण




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०६ गते**

सिरहाको सुखीपुर नगरपालिकास्थित नगर आधारभूत अस्पतालका कार्यालय प्रमुख डा. लुस्युनकुमार यादवले साउन महिनाको हाजिरी एकैपटक गरेको विषयमा राष्ट्रिय सतर्कता केन्द्रको ध्यानाकर्षण भएको छ।

केन्द्रले घटनाबारे छानबिन गरी आवश्यक कारबाही गर्न सुखीपुर नगरपालिकालाई पत्राचार गरेको जनाएको छ।

राष्ट्रिय सतर्कता केन्द्रका अनुसार घटनाबारे साउन महिनामै सुखीपुर नगरपालिकालाई पत्राचार गरी विषयमा विस्तृत रूपमा बुझ्न तथा आवश्यक राय-सुझावसहित जवाफ पठाउन भनिएको थियो।

नगरपालिकाबाट प्राप्त जवाफ अध्ययन गरेपछि केन्द्रले भदौ ३ गते आवश्यक कारबाहीका लागि पुनः नगरपालिकालाई पत्राचार गरेको जनाएको छ।

केन्द्रका एक अधिकारीले पत्र हुलाकमार्फत पठाइएकाले नगरपालिकामा पुग्न केही समय लागेको हुन सक्ने बताए। उनका अनुसार साउनमै घटनाबारे नगरपालिकालाई बुझेर जवाफ पठाउन भनिएको थियो। नगरपालिकाबाट जवाफ प्राप्त भएपछि भदौ ३ गते आवश्यक कारबाहीका लागि पुनः पत्राचार गरिएको हो।

यता, सुखीपुर नगरपालिकाका प्रशासन शाखा प्रमुख शिव दयाल यादवले पनि घटनाबारे साउनमै सतर्कता केन्द्रबाट राय-सुझाव माग गर्दै पत्र आएको र त्यसको जवाफ नगरपालिकाले पठाइसकेको बताए। तर, भदौ ३ गते सतर्कता केन्द्रले कारबाहीका लागि पठाएको पत्रबारे भने आफूलाई जानकारी नभएको उनको भनाइ छ। उक्त पत्रबारे प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी हुन सक्ने उनले बताए।

सुखीपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साह भने प्रतिक्रिया लिन खोज्दा सम्पर्कमा आएनन्। उनको मोबाइल स्वीच अफ रहेको छ।

साउन १२ गते आधारभूत अस्पतालको हाजिरी रजिस्टरमा डा. यादवले साउन २८ गतेसम्मको हाजिरी गरिसकेको तथ्य सार्वजनिक भएको थियो। साउन १२ गतेकै दिन साउन २८ गतेसम्मको हाजिरी गरिएको विषयमा समाचार प्रकाशित गरेको थियो। उक्त समाचारपछि सतर्कता केन्द्रले कर्मचारीलाई कारबाही गर्न नगरपालिकालाई पत्राचार गरेको हो।

डा. यादवसँग प्रतिक्रिया लिंदा उनले यस्तो कार्य 'कहिलेकाहीँ मिस्टेकले हुन सक्ने' भन्दै सामान्य त्रुटि भएको दाबी गरेका थिए। साउन १२ गते नै २८ गतेसम्मको हाजिरी कसरी गरियो भन्ने प्रश्नमा उनले पुनः 'कहिलेकाहीँ मिस्टेक हुन सक्छ' भन्दै फोन काटेका थिए।

स्रोतका अनुसार डा. लुस्युनकुमार यादव सुखीपुर नगरपालिकाका नगर प्रमुख रामाऔतार यादवका छोरा हुन्। उनी नगर आधारभूत अस्पतालमा करार सेवामा चिकित्सकका रूपमा कार्यरत हुनुका साथै कार्यालय प्रमुखको जिम्मेवारीसमेत सम्हाल्दै आएका छन्।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०४/०७ गते घरबाट सिरहा जाने क्रममा मेरो +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम**: पुजा कुमारी यादव
**ठेगाना**: सिरहा नगरपालिका-२१ लगडी गोठ **सम्पर्क नं.**: ९८२९७३७०५०
**रजिस्ट्रेशन नं.** ८१२१६०१३००४५ **सिम्बोल नं.**: ९१६००८००

## सिरहा उद्योग .............

रोकिएको निर्वाचन प्रक्रिया पारदर्शी रूपमा अघि बढाएर नयाँ नेतृत्व चयन गर्नुपर्ने सरोकारवालाहरूको धारणा छ।




# नेपाल-भारत सीमा सुरक्षा बैठक: लागुऔषधदेखि नेपाली किसान पक्राउ परेका विषयमा छलफल




**अपन दैनिक संवाददाता**
**महोत्तरी, भदौ ०६ गते**

सीमापार अपराध र अवैध गतिविधि नियन्त्रण गर्न नेपाल र भारतका सीमावर्ती प्रशासन तथा सुरक्षा अधिकारीबीच सहकार्य थप मजबुत बनाउने सहमति भएको छ।

शनिबार महोत्तरीमा सम्पन्न नेपाल-भारत सीमावर्ती जिल्ला समन्वय समितिको बैठकमा लागुऔषध, तस्करी, मानव बेचबिखन, अवैध आप्रवासनदेखि सीमा स्तम्भ व्यवस्थापनसम्मका विषयमा छलफल भएको हो।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र भारतको सीतामढीका डीएम तनय सुल्तानियाको संयुक्त अध्यक्षतामा भएको बैठकमा अघिल्लो बैठकका निर्णय तथा प्रगतिको समेत समीक्षा गरिएको थियो।

बैठकमा महोत्तरी, सर्लाही र रौतहटका प्रशासनिक तथा सुरक्षा अधिकारीसहित सीतामढीका सुरक्षा अधिकारी र प्रतिनिधि सहभागी थिए।

बैठकमा सीमापार हुने लागुऔषधको अवैध कारोबार नियन्त्रणलाई प्राथमिकताका साथ उठाइएको अधिकारीहरूले बताएका छन्।

यस्तै, अपराध तथा तस्करी नियन्त्रण, अवैध हतियार र गोलीगट्ठाको ओसारपसार रोक्ने, चोरी भएका सवारीसाधन तथा चोरीका सम्पत्ति

बाँकी पृष्ठ ४ ▶▶

## मधेश सरकारद्वारा नीति तथा योजना आयोगको .............

पदस्थापन गर्ने निर्णयसमेत बैठकले गरेको छ। सम्बन्धित मन्त्रालयको कार्यबोझ, विषयगत अनुभव, कार्यक्षमता, संस्थागत आवश्यकता र प्रशासनिक निरन्तरतालाई आधार बनाएर सचिवहरूको खटनपटन तथा पदस्थापन गरिएको मन्त्री भट्टराईले बताए।

मन्त्रीपरिषद् बैठकले प्रदेश सरकारअन्तर्गत पूर्वाधारसम्बन्धी मन्त्रालय तथा निकायमा कार्यरत इन्जिनियरिङ जनशक्तिको वृत्तिविकास तथा कार्यगत गतिशीलतासम्बन्धी अध्ययन गर्न तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय पनि गरेको छ।

नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएका इन्जिनियरिङ विज्ञको संयोजकत्वमा गठन हुने कार्यदलले प्राविधिक जनशक्तिको वृत्तिविकास, विशेषज्ञता विकास, पदस्थापन, सरुवा तथा कार्यगत गतिशीलताका आधार र आवश्यक कानुनी सुधारका विषयमा अध्ययन गरी १५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गर्ने मन्त्री भट्टराईले जानकारी दिए। कार्यदलले प्राविधिक जनशक्तिको विशेषज्ञता र अनुभवको अधिकतम उपयोग, वृत्तिविकासका अवसरको सुनिश्चितता, उचित व्यवस्थापन, कार्यक्षेत्रअनुसार विशेषज्ञता विकास तथा विभिन्न जिम्मेवारीमा अनुभव प्राप्त गर्ने अवसरलगायत विषयमा अध्ययन गरी सुधारका उपाय सिफारिस गर्नेछ। त्यस्तै मन्त्रिपरिषद् बैठकले मधेश सरकारले प्रदेशसभाको चालु सातौं अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णयसमेत गरेको मन्त्री भट्टराईले बताए।

## लोकतन्त्रमा व्यक्ति कि .............

राजनीतिक उदयको शैलीलाई हेर्दा यो स्वाभाविक पनि लाग्न सक्छ। तर उनी देशका प्रधानमन्त्री हुन्। अब फेरिनुपर्छ। प्रधानमन्त्री सम्पूर्ण नागरिकका अभिभावक हुन्। त्यसैले नागरिकका कुरा सुन्ने, आलोचनाको सामना गर्ने र असहमतिलाई सम्मान गर्ने जिम्मेवारी उनीमाथि अझ बढी हुन्छ। जननिर्वाचित प्रतिनिधिहरूको थलो संसद् हो। त्यसैले संसद्मा जनताका प्रतिनिधिहरूले उठाएका प्रश्नको जवाफ दिनु प्रधानमन्त्रीको लोकतान्त्रिक दायित्व हो। सामाजिक सञ्जालले संसद्को विकल्प लिन सक्दैन। सामाजिक सञ्जालमा आफ्ना समर्थकसँग संवाद गर्नु र संसद्मा आफ्ना आलोचक तथा प्रतिपक्षका प्रश्नको सामना गर्नु एउटै कुरा होइन।

त्यसैगरी सञ्चारगृहका अगाडि गाडी राखेर पत्रकारलाई तर्साउनेजस्ता गतिविधि गर्नेलाई सरकारले गम्भिर रूपमा लिनुपर्छ। पत्रकारले प्रश्न गर्नु लोकतन्त्रविरोधी गतिविधि होइन। प्रश्न गर्न नदिने वातावरण लोकतन्त्रका लागि चिन्ताको विषय हो। प्रश्नलाई दबाएर लोकतन्त्र बलियो हुँदैन। प्रश्नलाई प्रश्नकै रूपमा उभिन दिनुपर्छ। असहमतिलाई राजनीतिक प्रक्रियाभित्रै स्थान दिए मात्र लोकतन्त्र बलियो हुन्छ। लोकतन्त्रको वास्तविक परीक्षा आफूलाई समर्थन गर्नेहरूलाई कति सुन्न सकिन्छ भन्नेमा होइन, आफूलाई अस्वीकार गर्ने र आलोचना गर्नेहरूका कुरा कति सुन्न सकिन्छ भन्नेमा हुन्छ।

अहिले लोकलुभावनवाद लोकतन्त्रका लागि अर्को समस्या हो। जान-वर्नर म्युलरका अनुसार लोकलुभावनवादलाई केवल 'जनताको पक्षमा बोल्ने राजनीति' भनेर बुझ्न मिल्दैन। लोकलुभावनवादको अतिवादी रूप भन्छ-'साँचो जनता भनेका हामी हौं।' लोकलुभावन प्रवृत्तिमा विपक्षीलाई जनताको शत्रु बनाउने खतरा हुन्छ।

लोकप्रियता चुनाव जित्ने राजनीतिक पूँजी हुन सक्छ, संवैधानिक वैधताको पूर्ण प्रमाण होइन। लोकलुभावनवादको उदयलाई केवल नेताको चरित्रबाट बुझ्नु पनि अधुरो हुन्छ। प्रश्न यो पनि हो-मानिसहरू किन यस्तो नेतृत्वतर्फ आकर्षित हुन्छन्? जब स्थापित संस्थाले नागरिकको समस्या समाधान गर्न सक्दैनन्, जब राजनीतिक दलहरू आफ्नै संगठन र नेतृत्वको संरक्षणमा सीमित हुन्छन्, जब आर्थिक असुरक्षा बढ्छ, जब भ्रष्टाचारले राज्यप्रतिको विश्वास कमजोर बनाउँछ र जब नागरिकलाई आफू निर्णय प्रक्रियाबाट बाहिरिएको महसुस हुन्छ, तब 'म आएँ भने सबै बदल्छु' भन्ने सरल राजनीतिक सन्देश शक्तिशाली बन्न सक्छ। हामीमा व्यक्ति र दलको लोकप्रियतालाई संस्थागत क्षमताभन्दा माथि राख्ने प्रवृत्ति छ। पुराना दल र नेताप्रति निराशा बढेपछि नयाँ अनुहारप्रति ठूलो आशा जाग्छ। यस्तो आशा स्वाभाविक छ, किनकि लोकतन्त्रमा नयाँ नेतृत्वको उदय आवश्यक हुन्छ। तर राजनीतिक परिवर्तनलाई केवल अनुहार परिवर्तनमा सीमित गर्नु पर्याप्त हुँदैन। यदि नयाँ नेतृत्वले पनि पार्टीभित्र प्रश्न सहँदैन।

संस्थालाई व्यक्तिगत निर्णयको अधीनमा राख्छ, आलोचनालाई शत्रुता ठान्छ र आफूलाई जनताको एकमात्र प्रतिनिधि ठान्छ भने परिवर्तनको बाहिरी रूप नयाँ भए पनि राजनीतिक संरचना पुरानै रहन्छ। त्यसैले नेपालमा आजको प्रमुख प्रश्न 'पुरानो कि नयाँ?' मात्र होइन; 'व्यक्तिकेन्द्रित कि संस्थाकेन्द्रित?'



## सप्तरीमा तस्करलाई पक्राउ गरेर छोडेको आरोप .............

तानिएको हो। गत साउन १८ गते बोदेबरसाइन नगरपालिका-५ स्थित बोदेबरसाइन गाउँबाट अपराह्न करिब ३:३० बजे भारतबाट भन्सार छली गरी ल्याइएको मोबाइल पार्टस, मोटरसाइकल सामानसहित भरिया सुनिल मण्डललाई स्थानीयको सहयोगमा प्रहरीले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बोदेबरसाइनमा ल्याएको थियो।

पक्राउ परेका भरिया मण्डल र मोटरसाइकलसहित समान छुटाउन मुख्य कारोबारी देव कुमार यादव इलाका प्रहरीमा पुगेका थिए। समान छुटाउन पुगेका यादवलाई प्रहरीले तत्कालै नियन्त्रण लिएको थियो। तर, तस्करलाई बचाउन प्रहरीले घटना विवरण मुचुल्का पनि फेरबद्ल गरिएको थियो।

प्रहरीले भने घटनाको समय र स्थान फरक उल्लेख गर्दै साउन १९ गते राति १२:३० बजे बोदेबरसाइन नगरपालिका-५ स्थित शिवचोकबाट नम्बर प्लेट नभएको हिरो कम्पनीको रातो रङको १६० सीसी एक्स्ट्रिम मोटरसाइकल तथा विभिन्न मोबाइलका सामान बरामद गरिएको जनाएका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीले साउन २१ गते जारी गरेको प्रेस विज्ञप्तिअनुसार प्रहरी टोलीलाई देख्नेबित्तिकै मोटरसाइकल र बोरा सोही स्थानमा छाडेर तस्कर फरार भएका थिए। प्रहरीले बोराहरू खोली जाँच गर्दा विभिन्न मोबाइलका सामान फेला परेको जनाएको थियो।

यसरी भारतबाट भन्सार छली गरी नेपालतर्फ ल्याइएको सामान र मोटरसाइकल बरामद भएको घटनामा इलाका प्रहरी कार्यालय बोदेबरसाइनले घटनाको वास्तविक विवरणभन्दा फरक मुचुल्का तयार गरेको आरोप लागेपछि स्थानीय स्तरमा प्रहरीको आलोचना भएको थियो।

तस्करलाई छाडिएको विषयमा अनलाइन खबरले गत साउन २४ गते समाचार आएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले प्रहरी नायब उपरीक्षक हेमराज घिमेरेको नेतृत्वमा ५ सदस्यीय छानबिन टोली गठन गरेका थियो।

प्रहरी श्रोतका अनुसार प्रारम्भिक छानबिनमा सई शर्माले आफूभन्दा माथिल्लो निकायमा गलत जाहेरी गरेको पाइएको छ। तर, जिल्ला प्रहरी कार्यालय सप्तरीले छानबिन प्रतिवेदन सार्वजनिक गरेको छैन।

इलाका प्रहरी कार्यालय बोदेबरसाईनमा अहिले प्रहरी नायव निरीक्षक (सई) गुप्तबहादुर राउतलाई जिम्मेवारीमा पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## नेपाल-भारत सीमा सुरक्षा बैठक: लागुऔषधदेखि .............

सीमापार हुन नदिने विषयमा दुवै देशका सुरक्षा निकायबीय समन्वय गर्ने सहमति भएको महोत्तरीका प्रजिअ यादवले बताए।

यस्तै, आवश्यकताअनुसार सम्बन्धित निकायबीच सूचना आदानप्रदान तथा संयुक्त टोलीमार्फत निगरानीका प्रयास अघि बढाउने विषयमा समेत छलफल भएको उनले जानकारी दिए।

बैठकमा नेपालका किसान मल लिन भारतमा जाँदा पक्राउ परेको विषय पनि नेपाली अधिकारीले उठाएका थिए। उक्त घटनाबारे भारतीय पक्षले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सम्बन्धित सुरक्षा निकायलाई आवश्यक निर्देशन दिने र आगामी दिनमा सहज वातावरण निर्माण गर्ने प्रतिबद्धता जनाएको प्रजिअ यादवले बताए।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४

अपन दैनिक पत्रिका




## मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको .............

संख्या ह्वातै बढेको छ। नेपाल प्रहरीका तथ्यांक अनुसार पछिल्लो १० वर्षमा मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको संख्या करिब ७ गुणाले बढेको छ। विद्युतको प्रयोग बढेसँगै वर्षेणी करेन्ट लागेर मृत्यु हुनेको संख्यामा बढोतरी हुँदै गएको छ।

आर्थिक वर्ष २०७३।७४ देखि गत आव २०८२।८३ सम्ममा करेन्ट लागेर ५७४ जनाले आफ्नो ज्यान गुमाएका छन्। जसमा ३७२ जना पुरुष, १११ जना महिला र ९१ जना बालबालिका रहेको नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक अबि नारायण काफ्लेले जनाएका हुन्।

प्रवक्ता काफ्लेले उपलब्ध गराएको तथ्यांक अनुसार आर्थिक वर्ष २०७३।७४ मा करेन्ट लागेर १७ जनाको मृत्यु भएकोमा १० वर्षमा त्यो बढेर ११७ पुगेको छ। प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८२।८३ मा करेन्ट लागेर ११७ जनाको मृत्यु भएको हो। जुन करिब ७ गुणाले बढेको हो। गत आवमा ७२ जना पुरुष, २२ जना महिला र २३ जना बालबालिकाको करेन्ट लागेर मृत्यु भएको थियो। यस्तै ९ जना पुरुष घाइते भएको थिए।

प्रहरीको तथ्यांक अनुसार पछिल्लो १० वर्षमा करेन्ट लागेर मृत्यु हुनेको संख्या करिब ७ गुणाले बढेकोमा सबैभन्दा बढी बालबालिकाको मृत्यु दर बढेको हो। नेपाल प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७३।७४ देखि आर्थिक वर्ष २०८२।८३ सम्ममा बालबालिकाको मृत्यु दर ११.५ गुणाले बढेको हो।

आव २०७३।७४ मा २ जना बालबालिकाको मृत्यु भएकोमा गत आव २०८२।८३ मा २३ जना बालबालिकाको करेन्ट लागेर मृत्यु भएको हो। यस्तै पुरुषको मृत्यु दर ८ गुणाले बढेको हो। आव २०७३।७४ मा ९ जनाको करेन्ट लागेर मृत्यु भएकोमा आव २०८२।८३ मा ७२ जनाको मृत्यु भएको हो।

यसैगरी, महिलाको मृत्यु दर ३.६६ गुणाले बढेको हो। आव २०७३।७४ मा करेन्ट लागेर ६ जना महिलाले आफ्नो ज्यान गुमाएकोमा आव २०८२।८३ मा २२ जना महिलाको करेन्ट लागेर मृत्यु भएको हो।

यता नेपाल विद्युत प्राधिकरण मधेश प्रदेशका प्रमुख शम्भु कुसियैत यादवले लापरवाहीका कारण करेन्ट लागेर मृत्यु हुनेको संख्यामा वृद्धि भएको बताए। उनले विद्युतको कर्मचारीको करेन्ट लागेर मृत्यु हुनेमा कमी आएपनि आम नागरिकमा बढेको बताए। उनले भने, 'सिँचाइका पब्लिक छन् उनीहरूको संख्या बढ्दै छ। सिँचाइको विद्युतीकरण भइरहेको छ। आमनागरिकले खेतमा सिँचाइ गरेर तार आफ्ना घरमा राख्छन् त्यो तार फेरि जोड्दा मुसोले कुन बेला काटेको हुन्छ थाहा हुँदैन्। त्यसमा ध्यान नदिई मोटर लगाएर लाइन दिँदा घटना हुन्छ।

यादवले सिँचाइ दिन-रातको समयमा हुने गरेकाले मोटर चलाउँदा तार लुज हुँदा खुट्टामा लाग्ने गरेको र त्यस कारण समेत घटना बढ्ने गरेको बताए।

करेन्ट लाग्ने घटनाबाट बँच्न आमनागरिक सचेत हुनुपर्ने बताए। उनले विद्युत अतिआवश्य भएतापनि खतरनाक रहेकाले गाउँ-गाउँमा सचेतना फैलाउने गरेको बताए। उनले आफूहरू स्कुलमा समेत सचेतना फैलाउने तयारी गरिरहेको बताउँदै आम नागरिक स्वयं सतर्क हुनुपर्ने बताए।

करेन्ट लागेर मृत्यु हुने घटनामा भने क्षतिपूर्तिको व्यवस्था छैन्। प्रमुख यादवले विद्युत प्राधिकरणका कारण करेन्ट लागेर मृत्यु भएको घटनामा मात्र प्राधिकरणको तर्फबाट क्षतिपूर्ति दिने गरिएको बताए।

# प्रेस युनियन सिरहाको अध्यक्षमा सम्भु यादव सर्वसम्मत चयन

अपन दैनिक संवाददाता
सिरहा, भदौ ०६ गते




नेपाल प्रेस युनियन सिरहाको आठौं जिल्ला अधिवेशनबाट सम्भु कुमार यादवको अध्यक्षतामा नयाँ कार्यसमिती सर्वसम्मत चयन भएको छ। शनिवार लहानमा सम्पन्न अधिवेशनले यादवको अध्यक्षतामा १२ सदसीय जिल्ला समिती जयन गरेको हो।

समितिको उपा-अध्यक्षमा एलिना हिमाङ, एम महतो, सचिवमा सविन बाबु यादव, कोषा अध्यक्षमा संजय बिश्वकर्मासहित सर्वसम्मत जिल्ला समिति चयन भएको अध्यक्ष यादवले जानकारी दिए।

शनिबारसम्पन्न जिल्ला अधिवेशनले रामबाबु यादव, भरत जभर्घामगर, सन्तोष सुवेदी र प्रमेश्वर साहलाई केन्द्रीय प्रतिनिधी चयन गरेको छ।

अधिवेशन उद्घाटन समारोहका प्रमुख अतिथी नेपाली काँग्रेसका जिल्ला सभापति रामचन्द्र यादव लोकतन्त्र जीवनत रहन स्वतन्त्र प्रेसको महत्वपूर्ण योगदान रहने बताए। उनले अहिले सरकार विस्तारै निरंकुषताको दिशामा अगाडी बढेको बताए। उनले अहिले राज्य हुकुम प्रमाङ्गीणीको भरमा चलेको भन्दै कसैको दवाव र प्रभावमा पत्रकारलाई पक्राउ गर्ने, धम्याउने, थुन्ने, त्रासमा पार्नेजस्ता काम भईरहेको बताए।

उनले पत्रकारीता क्षेत्र आफ्नै कारणले संकट झेलिरहेको पनि बताए। उनले भने, 'पछिल्ला दिनमा पत्रकारहरु प्रभावमा परेर सत्यतथ्य जाँच नगरी समाचार सम्प्रेशन गर्ने गरेको छ। जसका कारण प्रेस जगत आफै संकटमा पर्ने देखिएको छ।'

कार्यक्रमका विशिष्ठ अतिथी नेपाल प्रेस युनियनका महासचिव दिलिप पौडेल पौडेलले नेपाली प्रेस संकटमा रहेको बताए। पछिल्लो पटक कोभिट पछि पत्रकारीता क्षेत्र संकटमा पर्दै गएको उनले दावी गरे। 'छापा, रेडियो र पछिल्लो पटक अनलाइन मिडियाको एकक्षत्र राज गरिरहेको छ। हामिले समय अनुसार आफुलाई ढाल्दै लैजानु पर्छ। छिटो छिटो भईरहेको परीवर्तनप्रति आफूपनि अभ्यस्त हुँदै नजाने हो भने पेशा संकटमा पर्छ।'

उनले कसरकार पत्रकारीता क्षेत्रमा ठाडो ढंगबाट हस्तक्षेप उत्रिएको बताए। उनले समाचार लेखेकै कारण व्यक्तिगत गोपनियताको विषय र साइवरक्राईमको बाहानामा सरकारले मिडियालाई नियन्त्रण गर्न खोजिरेको बताए।

समाजिक संजालका कारण पत्रकारिता क्षेत्रले संकट वेहोर्नु परिरहेको बताउँदै यसलाई चिर्नेर व्यवस्थि तगर्ने जिम्मेवारी पनि हाम्रै भएको बताए। 'सामाजिक सञ्जालमा आएका टुक्रे सूचनालाई आम मनिसले समाचार भनेर बुझ्ने गरेको छ। त्यो समाचार होइन भन्ने बुझाउने र सत्यथ्य समाचार पस्किने जिम्मेवारी पनि हाम्रै हो,' महामन्त्री पौडेलले भने।

आर्थिक रुपले पनि पत्रकारितो संकटमा परेका छन्।

उनले स्थानिय र प्रदेश सरकारले नीति बनायर संचारक्षेत्रलाई जोगाउन सक्नु पर्नेमा जोड दिए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकिन्द्र पासमानले लोकतन्त्रलाई कलमले मात्र बचाउन सक्ने बताउँदै अहिले निरंकुशता हावि हुनलागेको बताए। उनले लोकतन्त्रको रक्षाको लागि कलमलेमात्र योगदान गर्न सक्ने जिकिर गरे।

'लोकतन्त्रलाई कलमले मात्र सच्याउन सक्छ। अहिले निरंकुशता हावि हुनलागेको छ। लोकतन्त्रको रक्षाको लागि कलमले आफ्नो ताकत देखाउन सक्नु पर्छ', केन्द्रीय सदस्य पासवानले भने।

उनले भने, 'पत्रकारलाई थुन्ने, धम्क्याउने, त्रासमा पार्ने र पत्रकारितालाई डोमिनेट गर्ने काम भइरहेको छ। सरकारको यो रबैयाबाट नेपाली पत्रकारिता डगमगाउँदैन। तपाईं पत्रकार साथिहरु निरन्तर सत्य, तथ्य समाचार सम्प्रेषण गर्नुहोस, हामी तपाईंहरुको साथमा छौं।'

अधिवेशन उद्घाटन समारोहमा युनियनका प्रदेश अध्यक्ष सत्य प्रदास श्रेष्ठ, प्रेस संगठनका केन्द्रीय सदस्य आशिष विश्वकमा, नेपाल पत्रकार महासंघका जिल्ला सहसचिव धर्मेन्द्र पासवान, प्रेस चौतारीका जिल्ला अध्यक्ष शिवकुमार साह, प्रेस सेन्टरका जिल्ला अध्यक्ष रामभरोसी यादवलागायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए।

## जनकपुर र वीरगन्जमा अग्रगामी मोर्चाको ...........

तीन वर्षीया बालिका गरिमा चौधरीको हत्या घटनाप्रति दुख व्यक्त गरेको छ। मोर्चाले मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै दुवै घटनाका पीडित परिवारलाई अविलम्ब न्याय र उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा दोषीमाथि कडा कारबाही गर्न सरकारसँग माग गरेको छ।

बैठकले मोर्चा आबद्ध घटक दलबाट प्रतिनिधित्व रहने गरी मधेश प्रदेश समन्वय समिति गठन गरेको छ। जसमा जसपा नेपालबाट बालकिशोर प्रसाद यादव र रामविनोद चौधरी, जनमत पार्टीबाट गजानन्द यादव र रामप्रसाद मण्डल, आम जनता पार्टीबाट उमेश कुशवाहा र राधेश्याम साह छन्।

त्यस्तै, नागरिक उन्मुक्ति पार्टीबाट पृथ्वीनारायण सिंह थारू र समसुल/नागेन्द्रप्रसाद चौधरी, नेपाल जनमुक्ति पार्टीबाट भुवन थापा मगर र रामएकवाल मण्डल, प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) बाट अमिताभ बच्चन दास र किशोरी यादव, नेपाल संघीय समाजवादी पार्टीबाट विमला अन्सारी र सैदर अन्सारी तथा बहुजन एकता पार्टीबाट प्रकाश महरा र सुजित महरा रहेका छन्।

त्यसैगरी बैठकले आगामी भदौ १० गतेभित्र मधेशका आठ वटै जिल्लामा जिल्ला समन्वय समिति गठन गर्ने निर्णय गरेको छ। जिल्ला समन्वय समिति गठनका लागि घटक दललाई जिम्मेवारी समेत तोकिएको छ।

सप्तरीमा जनमत पार्टी, सिरहामा बहुजन एकता पार्टी, महोत्तरीमा नेपाल जनमुक्ति पार्टी/नेपाल संघीय समाजवादी पार्टी, सर्लाहीमा नागरिक उन्मुक्ति पार्टी, रौतहटमा आम जनता पार्टी, बारमा जसपा नेपाल र आजपा, धनुषामा जसपा नेपाल र पर्सामा प्रलोपालाई जिम्मेवारी दिइएको छ।

**बिमा लेख हरायो**

मिति २०८३/०४/०१ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : राम प्यारी देवी साह
ठेगाना : लहान-१२, सिरहा
पोलिसी नं.: ६५१७००५४३

**बिमा लेख हरायो**

मिति २०८३/०४/०१ मेरो निम्न ब्यहोरा भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : तेतरी देवी कामैत
ठेगाना : सोठिआइन-७, सिरहा
पोलिसी नं.: ६२०००५३७५

